**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २१ अक्तूबर २०२४

समयः १८:५० – १६:०० बजे

**मुख्य समाचार**

१. मुख्यमन्त्री ममता व्यनार्जी तथा आन्दोलनकारी रेजिडेन्ट डाक्टरहरुको प्रतिनिधि टोलीसित नवन्नामा बैठक जारी छ I
२. केन्द्रीय गृह तथा सहकरीता मंत्री अमित शाहले आगामी २४ तारिखको दिन हुन लागेको आराम बाघमा ३ हजार किसानहरुलाई सम्बोधित गर्नु हुनेI
३. राष्ट्रपति द्रौपदी मुर्मुले भोलि नयाँ दिल्लीमा ५औँ राष्ट्रिय जल पुरस्कार २०२३ प्रदान गर्नु हुनेछ।
४. प्रधानमन्त्री नरेन्द्र मोदी १६ औं ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन भोलि रुस जानु हुनेछ ।
५. युनाइटेड खरसाङ फूटबल क्लब ( युकेएफसी ) ले मंगपू गोल्ड कप 2024 को सेमिफाइनलमा आफ्नो स्थान पक्का गरेको छ।

**सी.एम जुनियर डाक्टर मिट**

कोलकाता आर.जी कर कलेज अस्पताल काण्डलाई लिएर आन्दोलनरत जुनियर डाक्टरहरूको दल तथा मुख्यमंत्री ममता व्यानर्जी बीच नवान्नमा समस्या समाधान लिएर बैठक चलिरहेको छ। आज करीब बैठक चलिरहेको छ। आज करीब पाँच बजे यो बैइक शुरू भयो बैठकमा मुख्यमंत्रीका साथशीर्ष पुलिस अधिरीहरू, स्वास्थ्य विभागका अध्किारीहरू लगायत सरकारका अन्य सम्बन्धित अध्किारीहरू उपस्थित थिए। मुख्यमंत्री ममता व्यानर्जीले कुनै नयाँ मांग नराख्ने आहवान गर्दै पुरानै मांग माथि जुनियर डाक्टरहरूसित चर्चा शुरू गर्ने आग्रह गर्नुभयो। बैठकको शुरूआत गर्दै डाक्टरहरूको पक्षमा रेजिडेन्ट डाक्टर देवाशीष हवलदारले प्रश्न उठाउँदै १० मांगमा आफ्नो दावीलाई होहरयाउनु भयो। तथा कलेजका रेजिडेन्ट डाक्टरहरू र वरिष्ठ डाक्टरहरूको निर्वाचित स्टुडेन्ट युनियनको चुनाव २०२५ सम्म गराउनु अघि बहुमतले चुनाव यूजीसी र कलेजका डाक्टर छात्रहरूको मनोनित प्रतिनिधिहरूलाई स्टेट टास्क फोर्समा राख्ने दावी पेश गरे। चयनीत व्यात्तिहरूलाई प्रतिनिधि नबनाउने विषयमाथि पश्चिम बंगाल जुनियर डाक्टर फ्रन्टले कड़ा दावी राखे। बैठकमा जुनियर डाक्टरहरूको प्रतिनिधि दललाई मुख्यमंत्रीले अप्रत्यक्ष धमकी दिएर मेडिकल कलेजका अनुशासनीक समितिले कलेजका विध्यार्थीहरूलाई निकाल्न सक्तैनन् भन्नु भयो। मेडिकल कलेजका प्रधानाचार्यलाई कसै गरी कुनै विध्यार्थीलाई कलेज देखि बर्खास्त नगर्ने निर्देश दिनुभयो। यस विषयमा कलेजका विध्यार्थी डाक्टरहरू अनि ककलेजका प्रधनाध्यपकहरूले निस्कासित व्यात्तिहरू अपराधी रहेको भन्दै निस्कासनालाई सही ठहराए तर मुख्यमंत्रीले यसमा आपत्ती जनाउँदै अब उसो निस्कासन संबोधीत निर्णय नलिने आहवान गर्नुभयो। रजिडेन्ट डाक्टरहरूले नयाँ भर्तीलाई शुरू गर्ने आग्रह गरे। तथा रेजिडेन्ट डाक्टरहरूलाई धमकाउने , डर देखाउने संस्कृति पश्चित बंगाल राज्यभरी बन्द हुनुपर्छ भन्दै दावी ठोस प्राकारले राखे भनी सुश्री व्यानर्जीले देशमै पश्चिम बंगाल चिकित्सा क्षेत्रमा शीर्षमा रहेको भन्नुभयो। ताजा समाचार प्राप्त हुन्जेल बैठक जारी छ।

****** ० ******

**अमित शाह हावड़ा**

भाजपाका वरिष्ठ नेता अनि केन्द्रिय गृह तथासहकारिता मंत्री अमित शाहले २४ अक्टुगरको दिन हुगलीको आरमाबागमा झण्डै ३,००० कृषकळरूलाई संबोधीत गर्नुहुनेछ। पश्मिचबंगालमा ग्रामीण स्तर सम्म पार्टीको कार्य विस्तार गर्न श्री शहाले प्रधानमंत्री नरेन्द्र मोदीको सरकारले देशका किसानहरूको हित र कल्र्याणका लागि के कति कार्यहरू र योजनाहरू ल्याएको छ त्यसबारे विस्तारमा पश्चिम बंगालमा किसानहरूलाढ बाताउनु हुनेछ। श्री शाहले प्रधानमंत्री मोदीको लक्ष्य देशभरी २ लाख प्राथमिक कृषि क्रेडिट सोसाईटी PACS को स्थापाना गर्नु रहेको छ जसमा पश्मिच बंगालमा ५,००० PACS को

स्थापना गर्नुं रहेको कुरा विगत जुलाई महिनामा भन्नुभएको थियो। री शाह त्यसै लक्ष्यलााई हासलि गर्न बंगालका किसानहरूसित बैठक गर्नुहुनेछ।

****** ० ******

**राष्ट्रपति-राष्ट्रीय जल पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले भोलि नयाँ दिल्लीमा ५औँ राष्ट्रिय जल पुरस्कार २०२३ प्रदान गर्नु हुनेछ । केन्द्रीय जलशक्ति मन्त्रालयले उत्कृष्ट राज्य, जिल्ला, ग्राम पञ्चायत, शहरी स्थानीय निकाय, जल उपयोगकर्ता संघ र उत्कृष्ट नागरिक समाज गरी नौ विधामा ३८ जना विजेता घोषणा गरेको छ । उत्कृष्ट राज्य विधामा ओडिशाले प्रथम, उत्तर प्रदेशले दोस्रो र गुजरात र पुडुचेरीले संयुक्त रूपमा तेस्रो स्थान पाएका छन् । प्रत्येक विजेतालाई धेरै विधामा नगद पुरस्कार सहित प्रशंसा पत्र र ट्रफी पनि प्रदान गरिनेछ। जलशक्ति मन्त्रालयले सरकारले राष्ट्रियस्तरमा जल व्यवस्थापन र जल संरक्षणका लागि सचेतना अभियान सञ्चालन गरिरहेको जनाएको छ । पानी समृद्ध भारतको सरकारको लक्ष्य हासिल गर्न देशभरका मानिसहरू र संस्थाहरूले गरेका महत्त्वपूर्ण प्रयासहरूको लागि राष्ट्रिय जल पुरस्कार प्रदान गरिन्छ।

****** ० ******

**प्रधानमंत्री - रूस यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी १६ औं ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन भोलि रुस जानु हुनेछ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको निमन्त्रणामा श्री मोदी रुस भ्रमणमा जाँदै हुनुहुन्छ । सम्मेलनको यस संस्करणको विषय समतामूलक विश्वव्यापी विकास र सुरक्षाका लागि बहुपक्षीयताको सुदृढीकरण रहेको छ। प्रधानमन्त्रीको रुस भ्रमणबारे नयाँ दिल्लीमा पत्रकारहरुलाई जानकारी दिनु हुदै विदेश सचिव विक्रम मिश्रीले भन्नु भयो , 'प्रधानमन्त्री नरेन्द्र मोदी शिखर सम्मेलनमा भाग लिन भोलि काजान जानु हुनेछ । उहाले भारत ब्रिक्सको संस्थापक सदस्य भएको र स्थापनाकालदेखि नै यसका सबै गतिविधिमा सहभागी भएको बताउनु भयो । श्री मिश्रीले भारतले ब्रिक्सको लागि ठूलो महत्त्व राख्छ र यसको योगदानले आर्थिक वृद्धि, दिगो विकास र विश्वव्यापी शासन सुधार जस्ता क्षेत्रहरूमा ब्रिक्स प्रयासहरूलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेलेको बताउनु भयो ।

****** ० ******

**विश्व आयोडीन दिवस**

आज विश्व आयोडिन अभाव दिवस वा ग्लोबल आयोडिन कमी विकार रोकथाम दिवस विश्वभर मनाइयो । राष्ट्रिय तथा विश्वव्यापी पहल मार्फत आयोडिनको कमी सम्बन्धी विकारको रोकथाममा भएको प्रगतिको सम्झनामा यो दिवस मनाइन्छ । यसको उद्देश्य राम्रो स्वास्थ्यका लागि आयोडिनको अत्यावश्यक भूमिका र आयोडिनको कमीले हुने असरहरूबारे जनचेतना जगाउनु हो। आयोडिन थाइरोइड हार्मोन, थाइरोक्सिन र ट्राइयोडोथायरोनिनको एक महत्वपूर्ण घटक हो। यसले चयापचयलाई नियमन गर्छ र भ्रूण अनि शिशुको विकासका लागि महत्त्वपूर्ण छ। आयोडिनको कमीले शारीरिक वृद्धि र विकासमा धेरै प्रतिकूल प्रभाव पार्छ। आयोडिनको कमी विश्वमा रोक्न सकिने बौद्धिक असक्षमताको सबैभन्दा सामान्य कारण हो। पर्याप्त मात्रामा आयोडिन नपाउँदा थाइरोइड हर्मोनको अपर्याप्त उत्पादनका कारण आयोडिनको कमी हुने समस्या हुन्छ। सरकारले आयोडिन अभाव विरुद्ध लड्न राष्ट्रिय आयोडिन अभाव विकार नियन्त्रण कार्यक्रम सुरु गरेको छ।

****** ० ******

**दार्जीलिङ- जाम**

दार्जीलिङ पहाडमा पर्यटन मौसम अवधि हुने वाहन जामको समस्यालाई मध्यनजर गर्दै जोरबङ्गलो पीपल्स अर्गनाइजेसनले पर्यटकहरुलाई पहाड आउन वा अर्थात् घुम्नको निम्ति वेटिङ सिस्टम बनाइनु पर्ने सम्बन्धित विभागसंग माग गरेको छ। यसैबीच घूम जोरबङ्गलो स्पोर्टिङ्ग क्लबका सस्थापक अध्यक्ष माईकल तामाङले पनि जामको समस्यालाई समाधान गरिनु पर्ने कुरोमा जोड दिनु भएको छ I

****** ० ******

**कालेबोङ - सरस्वती राई**

कालेबोङ निवासी सरस्वती राईले 45-49 वर्ष उमेर समूहको महिला वर्गको वेदान्त दिल्ली हाफ म्याराथनमा पहिलो स्थान र समग्र खुल्ला महिला वर्गमा दोस्रो स्थान हासिल गरिन्। उनले २१.१ किलोमिटरको दौड १ घण्टा २८ मिनेट २८ सेकेन्डमा पूरा गर्दै प्रथम स्थान ओगट्न सफल बनिन I उनी एक कुशल गृहिणी साथै दुई सन्तानकी आमा हुन् I यो भन्दा पहिला पनि उनले धैरैवटा हाफ म्याराथन अनि रनहरुमा उत्कृष्ट प्रदर्शन गरिसकेकी छिन् I

****** ० ******

**सडक मरमत्ती**

थर्बु निगाले फाटक ट्याक्सी स्याण्डदेखि नन्दलाल गाउँ हुँदै चार नम्बर गाउँको चौपतीसम्म पुग्ने सडक जीर्ण बनेपछि गाँउबासीले हिजोदेखि मरमती गर्न शुरु गरेको छ। गाँउका सहयोगीहरूबाट सिमेन्ट ,गिटी,बलुवा आदि संग्रह गरेर सडक मरमती कार्य शुरु गरको स्थानीय डीपी शर्माले बताउनु भएको छ। उहाले सडकको जिर्णोधारका लागि टेण्डर पास भइसकेको अनि वार्क अडर पनि भइसकेको तर हालसम्म पनि निर्माण कार्य ब्भाने नभएको बताउनु हुदै ठेकेदारहरूलाई शीघ्र सडक मरमती गरिदिने माग गर्नु भएको छ I

****** ० ******

**अनिल लोप्चन – मिरिक**

गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष बिमल गुरूङ जीटीएको सत्तामा हुदा मिरिकमा धैरै विकास कार्य भएको मोर्चा केन्द्रीय सह सचिव अनिल लोपचनले बताउनु भएको छ I तथापी वर्तमान जीटीए शासकले मिरिकको विकासमा केही चासो नदेखाएको उहाले अभियोग लगाउनु भएको छ । उहाले मिरिकमा महाविध्यालायको नया भवन अनि सरकारी पालटेकनिक कलेजको निर्माणले यहाँका विध्यार्थीहरूलाई धैरै सुविधा भएको अनि मिरिकमा रंङ्शाला भवन निर्माण भएपछि यहाँ साहित्य,संगीत,खेलकूद लगायत अन्य धैरै कार्य गर्न सुविधा भएको जानकारी गराँउनु हुदै मिरिक झीलमा शुद्ध पानी पठाँउनका लागि करोड रूपियाँ खर्च गरेर एसटीपी निर्माण गरिए तापनि हालसम्म संचालनमा आउनु नसकेको पनि बताउनु भयो।

****** ० ******

**खरसाङ - रेडिएम रिफलेक्टर**

खरसाङ चिमनी देवराली समष्टिका सभासद श्याम शेर्पाको पहलमा खरसाङ बजारको धर्मशालादेखि डाउहिल स्कूल अनि डीएफओ भवनसम्म सडक नजिक रहेको बिजुलीको खाबाहरुमा रेडिएम रिफलेक्टर स्टिकर लगाउने कार्य सम्पन्न गरिएको छ। पहाडमा कुहिरो लागेर मधेसबाट आएका सताही क्षेत्रीय वाहन चालकहरुलाई रातको समय धैरै असुविधा हुने भएको कारण चालकहरूको सुविधाक लागि स्टिकर लगाइएको सभासद श्याम शेर्पाले बताउनु भएको छ।

****** ० ******

**मंग्पू गोल्ड कप**

युनाइटेड खरसाङ फूटबल क्लबले मंगपू गोल्ड कप 2024 को सेमिफाइनल स्थान पक्का गरेको छ। मंगपू खेल मैदानमा आज भएको म्याचमा यूकेएफसी-ले कञ्चनजंघा फूटबल क्लबलाई एकको विरुद्ध तिन गोल गर्दै विजय हासिल गऱ्यो। युकेएफसीको पक्षबाट नयन प्रधानले 2 अनि आकाश प्रधानले 1 गोल गरे। यसरी नै केएफसीको पक्षबाट सोनम जांग्पो भूटियाले 1 गोल गरे। उत्कृष्ट खेल प्रदर्शन गरेवापत नयन प्रधानलाई प्लेयर अव् द म्याच चयन गरियो। मंगपू युथ क्लबको तत्त्वावधानमा आयोजित मंग्पू गोल्डकप फूटबल प्रतियोगीतामा विजयी दललाई आकर्षक ट्रफीको साथमा 2 लाख रुपियाँको नगद पुरस्कार प्रदान गरिनेछ।

****** ० ******